१६६६७

# लोक सेवा आयोग

नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

२०७५-११-६

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी ।

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. नेपालको न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउन के कस्ता संवैधानिक प्रयासहरु भएका छन् ? के ती प्रयासहरु स्वतन्त्र न्यायपालिकाका लागि पर्याप्त छन् ?आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । १५

२. नेपालमा अदालतका फैसला कार्यान्वयन हुन नसकि धेरै दण्ड सजायँ र जरिवाना बक्यौता रहेको समाचार दिनहुँ आइरहेका छन् , यसै सन्दर्भमा अदालतका फैसला कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्थामा परिमार्जन गर्न के कस्ता कानूनी र संस्थागत सुधार गर्न आवश्यक देख्नुहुन्छ ? लेख्नुहोस् । १५

३. केही वर्षयता न्यायाधीशको नियुक्तिमा राजनीतिक प्रभाव बढ्दै गएको गुनासो सुनिएको छ । नेपालमा भएको न्यायाधीश नियुक्ति सम्बन्धी व्यवस्थाको विवेचना गर्दै यसलाई गुनासोरहित बनाउन के गर्नु पर्ला ? प्रकाश पार्नुहोस् । १५

४. गठन आदेश मस्यौदा गर्दा ध्यानमा राख्नु पर्ने कुराहरुका वारेमा विवेचना गर्दै प्रत्यायोजित विधायनको व्यवस्था समेत उल्लेख गर्नुहोस् । १५

५. सपूर्दगीको अवधारणाको वारेमा प्रकाश पार्दै सपूर्दगी गर्नु पूर्व गरिने जाँचबुझ प्रकृयाको विश्लेषण गरी के कस्ता अवस्थामा सपूर्दगी गर्न राज्यले इन्कार गर्न सक्दछ ? विद्यमान सपूर्दगी कानूनको आधारमा विवेचनात्मक टिप्पणी गर्नुहोस् । १५

६. लोकतन्त्रको स्थापनासंगै मुलुकमा आफूखुशी कानून हातमा लिने प्रवृत्तिले प्रोत्साहन पाएको छ । कुनै व्यक्ति वा समूहले आफ्नो निजी स्वार्थ पूरा गर्न पनि वन्द वा घेराउ गर्ने, राजमार्गमा यातायात सञ्चालन गर्न अवरोध गर्ने काम एकातर्फ हुदै आएको छ भने अर्कोतर्फ नेपाल सरकारवादी हुने फौजदारी मुद्दा फिर्ता लिने प्रचलनले फौजदारी न्याय प्रशासन उपर गंभीर चुनौती देखापरेको छ । कैदमा रहेका वन्दीहरुले चालिस प्रतिशत कैद भुक्तान गरेमा बांकी कैद सजायँ मिनाहा हुने व्यवस्थाबाट दण्डहीनताले प्रोत्साहन पाएको कानूनविद्हरुको तर्क छ । फौजदारी मुद्दा फिर्ता लिने, कैद सजायँ मिनाहा गर्ने र कसुरदारको दण्ड सजायँ माफी गर्ने प्रवृत्तिबाट नेपाल कसुरदारका लागि "सुरक्षित भूस्वर्ग" परिणत हुँदै गएको भनिन्छ । माथिका यी समस्याहरुको आधारमा के कस्ता नीतिगत कानूनी एवं व्यवहारिक पक्षलाई ध्यान दिएमा नेपाल दण्डहीनताको अवस्थाबाट बाहिर छ भन्ने सन्देश प्रवाह गर्न सकिएला ? समस्या समाधानका लागि अपनाउनु पर्ने सुझावहरु प्रस्तुत गर्नुहोस् । २५

*समाप्त*